श्रीः

# अमर-ज्योतिको सत्य-स्मृति



लेखनाथ पौड्याल

# अमर-ज्योतिको सत्य-स्मृति

(काव्य)

लेखनाथ पौड्याल

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २००८

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : अनन्तनाथ शर्मा
*संस्करण* : पहिलो २००८
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2025-12-20, 11:14:23 UTC
*Latest minor Correction* : 2025-12-20, 11:14:23 UTC
*Sahityaras ebook id* : 20251220111423

**Cover art**
*Gandhi smiling*
unknown, late 1930s

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*वक्तव्य*

पूर्व स्मृति

उत्तर स्मृति

# वक्तव्य

संसार दुई थरी प्रकृतिको सङ्घर्षमा चलेको छ, एक दैवी, दोस्रो आसुरी, समय समयमा यी दुई प्रकृतिको न्यूनाधिकता भईरहन्छ, दैवी प्रकृतिको उपचयकालमा सत्य, अहिंसा, दया, प्रेम, पवित्रता इत्यादि सद्‌गुणको विकास हुन्छ, आसुरी प्रकृतिको उपचयमा दम्भ, घमण्ड, छल, कपट, लोभ, रीस, डाह, हत्या इत्यादि दुर्गुणको सञ्चार हुन्छ, त्यसले गर्दा मनुष्यसमाज प्रायशः स्वार्थको अन्धकारमा डुबेर जथाभावी गर्न लाग्छ, शान्तिको नाम पनि कतै रहँदैन, अन्धकारमय अवस्थामा महात्माहरू सत्यको आलोक लिएर भूमण्डलमा जान्छन् र पथप्रदर्शन गर्न थाल्दछन्, यो यौटा प्रकृतिको नियमै हो।

ती महात्माहरूका उपर पनि दुनियाँको दुई थरी दृष्टिकोण हुन्छ, यौटा रागी अर्को विद्रोही, रागी दृष्टिकोणले सत्त्वप्रधान व्यक्तिहरूको पदवीमा पुऱ्याएर अमर बनाउँछ, विद्रोही दृष्टिकोणले ढोंगी पाखण्डी ठहऱ्याएर उनको अस्तित्त्वमा नै आघात गर्छ, रामको सीतात्याग, श्रीकृष्णको व्याधाबाट वध, बुद्धको उपर धोकामा विष-प्रयोग, क्राइष्टको फाँसी, सोक्रेटिसको विषपान, गान्धीउपर गोलीको आघात इत्यादि दुर्घटनाहरू तेही विद्रोही दृष्टिकोणका ज्वलन्त दृष्टान्त हुन्।

महात्मा गान्धी सत्य र अहिंसाको आलोक लियेर आएका थिए, त्यसैले उनी समस्त विश्वलाई आलोकित गर्न चाहन्थे, गरेका पनि थिए, बुढिरूढिवादी पुरातनपन्थीहरूलाई त्यो आलोक असह्य भयो, उनका विद्रोही दृष्टिकोणले छिपी छिपी पूर्ण विद्रोही भाव लियो र २००४ साल माघ सत्र गतेको दिन डिल्लीको प्रार्थना सभामा महात्माजीका उपर गोली चलायो।

गोली हान्ने व्यक्तिले सम्भेको हुँदो हो – मेरा गोलीले गान्धीको छातीमात्र छेड्छ तर गान्धीको छाती अर्कै थियो। उनको मुटुमा विश्वको कल्याण-भावना रहेको थियो, त्यसले गर्दा त्यो गोलीको आघात समस्त विश्वको छातीमा लाग्यो। सर्वत्र हाहाकार मच्चियो, एक प्रकारको तूफान उठ्यो जनता आत्तियो, सारा संसारले अपशोच मनायो महात्मा गान्धी मरेर पनि अमर भए।

त्यो दुःसंवाद रेडियोद्वारा उत्तिखेरै संसारभरमा फैलियो, हामी नेपालीहरूका कानमा पनि त्यसको आघात पर्‍यो, मैले पनि रेडियोद्वारा नै त्यो दुर्घटना सुन्दै गयेँ, सारा संसारले उनको मृत्युमा अपशोच मनाएको र समवेदना प्रकट गरेको देख्दा मलाई पनि उनका उपर केही न केही लेख्ने इच्छा लाग्यो र यो सानू **सत्य-स्मृति** लेख्ने धृष्टता गरें।

उस वेलाको नेपाल अर्कै थियो, तिनताक गान्धीसँग भेट गर्नु, गान्धीटोपी लगाउनु, उनका सिद्धान्तको उल्लेख गर्नु इत्यादि कुरा ठूलो राजनैतिक अपराधमा गनिन्थ्यो त्यसैले गर्दा मैले यो **सत्य-स्मृति** उसै वेलामा लेखेको थियेँ तापनि प्रकाश गर्न सकेको थिइन, अहिले यो प्रकाश गर्ने सुअवसर पाउँदा मलाई बडो खुशी लागेको छ, यसमा केही न्यूनाधिकता परेकोमा वाचकवर्गले क्षमा गर्नुहोला भन्ने आशा गर्छु।

विनीत
**लेखक**

### अमर-ज्योतिको
## सत्य-स्मृति
# पूर्व स्मृति

(१)

विक्रम शताब्दी एक्काइसौंको चौथो विलक्षण सालमा
दिन माघ महिनाको सत्र जाँदा शुकवार सन्ध्याकालमा।
दैवी अँध्यारो आँधी अकस्मात् आयो र भारतवर्षको–
दीपक निभायो साऱ्है उज्यालो, उल्लासको उत्कर्षको ॥

(२)

वेला उही त्यो श्रीरामधुनको, सुख-शान्तिको मेलासरी
भेला भयेका श्रोता हजारौं दिलमा ठुलो श्रद्धा धरी।
त्यो मण्डली सब सोही पुरुषको पल पल प्रतीक्षा गर्दथ्यो
जस्को मनोहर वाङ्माधुरीमा पीयूषको रस झर्दथ्यो ॥

(३)

चालीस कोटी मानीसको त्यो स्वाऽधीनता-सङ्ग्रामको
दुर्धर्ष नेता, नङ्गा तपस्वी, सच्चा पुजारी रामको।
विस्तार आये सोही सभामा, सबले गरे अभिवन्दना
तर बीचमा नै निस्क्यो अचानक अर्कै कडा आक्रन्दना ॥

(४)

स्वाधीनताको साथै बढेको त्यो रामरसको माधुरी
दुर्दैवलाई दुःसह्य भैगो, दिल्ली-नगर-बिच त्यो घरी।
ज्वालामुखी झैं त्यै मण्डलीको बिचबाट यौटा पातकी
निस्क्यो र नङ्गा तपसी पुरूषमा गोली चलायो घातकी ॥

(५)

लागे दनादन गोली तिनोटा, छाती कठै!! उनको फुट्यो
तातो रगतको धारो धरामा परितापको साथै छुट्यो।
घनघोर हाहाकार निस्क्यो, आतङ्क ज्यादा फैलियो
श्रीरामधुनको त्यो शान्तिसंसद् राक्षसपनाले मैलियो ॥

(६)

हस्ताऽवलम्ब प्रिय नातिनीको खुस्की व्यथावशमा परी
त्यो सत्य-खम्बा ढल्दा उठेको आवाजले स्पष्टै गरी।
मानू कहन्थ्यो उस नीचलाई – धिक्कार हो! धिक्कार हो!!
त्यो तीन फायर आकल्प तेरो कालो नरकको द्वार हो ॥

(७)

पर्दा पनी त्यो कायर पुरुषको त्यस्तो भयङ्कर चोटमा
उस्तै महोज्ज्वल त्यो निर्विकारी उनका मनोहर ओठमा।
'श्रीराम!' भन्ने पीयूष निस्क्यो विस्तार वाणी बन्द भो
चैतन्य डूब्यो चिद्धाममा त्यो श्वासक्रिया पनि मन्द भो ॥

(८)

अपशोच!! कस्तो कुन नीचता त्यो कस्तो विकट दुर्भावना

कत्रो भयङ्कर धोखा दगा वा कस्तो अधम राक्षसपना।
जुन घोर पापी राक्षसपनाले त्यस्ता पुरुषको छातिमा
गोली चलाई धब्बा लगायो सम्पूर्ण हिन्दूजातिमा ॥

(९)

स्वाऽधीनताको आकाश-बिचमा पीयूषरसको माधुरी
छर्दै र भर्दै शोभा उज्यालो बढदै गएको सुस्तरी।
पूर्णेन्दुमाथी मानू अचानक शठ राहुको पञ्जा पऱ्यो
संसारभरमा साऱ्है आँध्यारो अपशोचको पर्दा गिऱ्यो ॥

(१०)

चौतर्फि वनमा दावाऽग्नि जस्तै दुष्काण्ड त्यो सब फैलियो
शोकाऽश्रु-मिश्रित निःश्वास निस्क्यो, आकाशमण्डल मैलियो।
देख्ने र सुन्ने सम्पूर्णलाई व्यामोह भो, अन्योल भो
आपत्ति-सागर-बिच जिन्दगीको जलपोत डावाँडोल भो ॥

(११)

स्वाऽधीनताको व्युत्थानकारी उत्साह चकनाचूर भो
हीनत्व निस्क्यो हिन्दूपनामा, आशा भरोसा दूर भो।
कुन हुन्छ हालत सेना सबैको ढल्दा ठुलो सेनापति
व्याकुल र दुःखित नरलोकको भो त्यै हाल वा त्यै दुर्गति ॥

(१२)

जसले जहाँ त्यो दुर्वाद पायो त्यो त्यै थलामा टक्क भो
मानू बहत्तर हज्जार नाडी सब रोकिए, दिल ढक्क भो।
दौड्यो तुरुन्तै लडदै र पडदै, उस ठाममा पहुँच्यो पनि

जुन ठामको त्यो दुर्दृश्य देख्दा रुन्थ्यो कठै ! ! पत्थर पनि ॥

(१३)

आई तुरुन्तै कर्तव्यपथको सब दूर गर्दै धाँधली
श्रद्धा बढाई, पदमा चढाई सद्भक्तिको कुसुमाऽञ्जलि ।
मन्त्री, गभर्नर इत्यादि सबले त्यो अन्त्यको मुखमाधुरी
हेरेर लम्बा निःश्वास साथै आँशू बहाये वरवरी ॥

(१४)

स्वाऽधीन दिल्ली त्यो राजधानी, स्वाऽधीन हिन्दुस्थान त्यो
स्वाऽधीनताको त्यो दिव्य ज्योती, स्वाऽधीनताको शान त्यो ।
त्यो चक्र-चिह्नित झण्डा तिरङ्गा, सम्पूर्ण हाहाकारमा
चुर्लुम्म डूब्यो नाविक ढलेको नौकासरी मझधारमा ॥

(१५)

ती शान्त अस्तोन्मुख धीर योगी बिडलाभवन-बिच राखिये
जो घातकीको उस पापमाथी माफी स्वयं गरदै थिये ।
स्वर्गोन्मुखी भो स्वर्गीय आभा, भूलोक तमले ग्रस्त भो
अपशोच मानी मानू, मलिन भै रवि-बिम्ब साथै अस्त भो ॥

(१६)

विकराल बल्दो हालाहलैको ज्वाला-जटिल सन्देश त्यो
अविसह्य वज्राऽऽघातै बराबर प्राणान्तकारी क्लेश त्यो ।
जड रेडियोले घर घर उकेल्यो, सुन्दा जगत् सब सन्न भो,
क्षणभर त मानू, यो विश्वमण्डल निश्चेष्ट वा चकमन्न भो ॥

(१७)

आजन्म सारा संसारको जो निःस्वार्थ सेवा गर्दथे
बन्धुत्वको वा आत्मीयताको जो प्यार सबमा भर्दथे।
छाती उनैको पीयूष-रसको घटतुल्य त्यो कसरी फुट्यो ?
जड रेडियो नै पागल भयो वा आवेश उसमा क्यै जुट्यो ?

(१८)

यस्तै अनेकौं दुस्तर्क साथै सुन्ने जती सब लोकको
मनमा, वचनमा, तनमा अचानक छाया अँध्यारो शोकको-
लहराउँदै गो, अति चक्करायो मस्तिष्क, आँखा भ्याम्म भो
कर्तव्यपथको स्मर्तव्यपथको ढोका उज्यालो ढ्याम्म भो ॥

(१९)

त्यै शोकवश भै मानू ढली त्यो सन्ध्या कठै ! ! वैरागिनी
काँ काँ र कीँ कीँ आवाज निस्क्यो उडने चराहरुको पनी।
उम्ल्यो निशाको साथै निराशा, हतभाग्य भारतवर्षको
सौभाग्यरेखा दबियो उसैमा उज्ज्वल उनासी वर्षको ॥

(२०)

अविनाशि पदमा प्रस्थित उज्यालो स्वर्गीय उस आलोकको
अन्तिम कलाको आलोकनामा अत्यन्त उत्सुक लोकको।
उत्तान सागर उर्लेर आयो, बिडलाभवनतिर उल्टियो
चिन्ता, अत्याहट, व्यामोहले जो उद्भ्रान्त वा पागल थियो ॥

(२१)

दुइ हात जोरी दर्शन गरी त्यो अन्तिम कला उस ज्योतिको

वरवर बगाई शोकाऽश्रु-धारा माला बराबर मोतिको।
उत्ताल भिडले साऽऽदर चढायो पद-पद्ममा श्रद्धाऽञ्जलि
आबाल-वनिता बूढा सबैमा सल्क्यो भयङ्कर खलबली ॥

(२२)

सत्याऽनुरागी त्यो सत्यवादी तपसी शुगा नभमा उड्यो
निःस्वार्थ-सेवा-शिक्री पयरको दुर्दैवले बिचमा चुँड्यो।
उसले बसेको जीर्णाऽस्थि-पञ्जर गाम्भीर्य-मुद्रा-मुद्रित
बिडला भवनमा श्रीरामधुनमा भैगो कठै!! चिरनिद्रित ॥

(२३)

आकाश रोयो, नक्षत्र तारा रोये सबै पिलपिल गरी
रोयिन् धरित्री, रोयो हवा त्यो, रोये दिशा र विभावरी।
त्यै रोदनाको छाया अँध्यारो पर्दा कठै!! यमुना पनी
बग्थिन् रूँदै झन् दिग्दार मानी मानू डबल मलिनी बनी ॥

(२४)

छिपिँदै गयेकी काली निशाको वय मध्य भो, झुल्का चरा
कुल्क्यो चिहिर्से घाँटी खुलाई दुर्भाग्य वा उल्कासरी।
हाली अँगालो उस काललाई, मानू कहन्थिन् कालिका
त्यसकै सुमेर्नी राखी उनूँ की? नरमुण्डको प्रिय मालिका ॥

(२५)

सेकिन्, मिनेट, फिर क्वाटर, घडी वा घण्टा यही क्रमले गरी
शोकाऽश्रु-दहमा चुर्लुम्म डुब्यो कालो कराल विभावरी।
अर्कै विलक्षण आभा उदायो आकाशमा, तर लोकको

दिलमा भने झन् उर्लेर आयो कालो घटा उस शोकको ॥

(२६)

मन्दाकिनीको जलमा नुहाई विचरी उषा आगे चली
घुम्टो उतारी स्वर्गीय पथमा छर्दै प्रभा-कुसुमाऽञ्जलि ।
रागी दिवाकर जुर्लुङ्ग निस्के फैलाउँदै कर-माधुरी
मानू तुरुन्तै अन्तिम अँगालो हाल्ने ठुलो खायस गरी ॥

(२७)

बेगिन्ति जनता जनतापहारी उस मूर्तिको पद-पद्ममा
वर्षाउँदै फुल, उसको प्रभा त्यो राखी मनोमय सद्ममा ।
शोकाश्रु साथै बोल्दै गयो 'श्रीगान्धी महात्मा की जय !'
जुन शब्द सुन्दा पत्थर लगायत रुन्थ्यो बनी करुणामय ॥

(२८)

हुनता थिये ती कौपीनधारी तर दिव्य उनका शक्तिमा
कायल थियो सब दुनियाँ, रँगिन्थ्यो पीयूषजस्ता उक्तिमा ।
त्याग्दा कठै ! ! यो नरलोक उनले त्यो शान्तिधारा दूर भो
असहाय दुःखी अरबौं प्रजाको सौभाग्य चकनाचूर भो ॥

(२९)

चढ्दै गयो दिन, बढ्दै गयो झन् दिलमा अत्याहट लोकको
के हेर्न शक्थ्यो रविबिम्बले त्यो कालो घटा उस शोकको ।
अवलम्ब सबका आशाकिरणको जीर्णाऽस्थिपञ्जर जो थियो
उसको पनी भो अवसान-वेला, दिल्ली तमोमय भैगयो ॥

(३०)

अन्त्येष्टिमा भो त्यै राजसी सब आयोजना उस धीरको
हिन्दू-प्रथामा हुन्थ्यो अगाडी जुन चक्रवर्ती वीरको।
अपशोच-सूचक त्यो ब्याण्ड फेरी पल्टन, पुलिस, अफिसर सबै
उर्दी मुताबिक आये खचाखच कर्तव्यमा विचलित न भै ॥

(३१)

दायाँ र बायाँ सारा सडकमा तस्वीर झैं निश्चल बनी
बेगिन्ति दर्शक आयेर उभिए दर्शन गरूँ अन्तिम भनी।
त्यो पूज्य लोकोत्तर अस्थि-पञ्जर उस भव्य रथमा राखियो
जस्मा तिरङ्गा-झण्डा-विभूषित शय्या फुलैफुलको थियो ॥

(३२)

जनरल गभर्नर, मन्त्री जवाहर, सर्दार, मौलाना तथा
अन्याऽन्य मन्त्री, पुत्राऽऽदि उनका रोकी कडा विरह-व्यथा।
मस्तक झुकाई साथै भये सब आसीन तत्तत्स्थानमा
चक्कर लगाई खेल्थ्यो सबैको दुःसह्य बाधा ज्यानमा ॥

(३३)

लोकाऽभिवन्दित लोकाऽभिनन्दित उस कर्मयोगी वीरको
त्यो भव्य रथमा त्यो बीच पथमा यात्रा चल्यो आखीरको।
तत्काल चारैतिरबाट उसमा फुलको अखण्डित वृष्टि भो
शोकाऽश्रु-धारा छल्क्यो सबैको सान्है धमीलो दृष्टि भो ॥

(३४)

त्यस भव्य रथको पहियाँ अगाडी घुमदै गयो पथमा जति

मनको मनोरथ आशा भरोसा पिधिँदै गयो सबको उति।
लाखौं प्रजाले उनका उपरमा अर्पण गरे फुल भक्तिले
आकाशमण्डल घन्क्यो अखण्डित जयवादले करुणोक्तिले ॥

(३५)

बुर्जा र कौसी अट्टालिकामा, साना ठुला सब झ्यालमा
गल्ली र छेडा ढोका कुनामा, रुख वृक्षमा, परखालमा।
सर्वत्र जनता सब छापियेको, सबका नयन आँशूमय
सम्पूर्ण उच्च स्वरमा कहन्थे 'गान्धी महात्मा की जय!' ॥

(३६)

विस्तार अर्थी बढदै गयो त्यो बिचबीचमा थोरै अडी
वर्ष्यो विमान-द्वारा गगनमा लाखौं मधुर फुलको झडी।
छरिँदै हवामा घुम्दै र हिल्दै त्यो पुष्पधारा सुस्तरी
झर्दा सुवासित स्वर्गीयताको मानू बहन्थ्यो माधुरी ॥

(३७)

उत्रेर भलमा बग्दै गयेको यौटा कुनै कमलै सरी
अर्थी पुग्यो त्यो उस घाट-बिचमा जगतै रुलाई धरधरी।
मानू कहन्थिन् यमुना – नगीचै ल्याऊ म लिन्छु काखमा
श्रीकृष्णकी हूँ प्यारी, म दिन्छू झट्टै परं पद छाखमा ॥

(३८)

त्यो घाट चाक्लो, त्यो उच्च वेदि, श्रीखण्ड-मण्डित त्यो चिता
त्यो शान्त सत्य-प्रतिमा उज्यालो, यमुना तिनी पुलकाऽञ्चिता।
व्याकुल प्रजाको त्यो भीड त्यत्रो, त्यो शोच्य अन्तिम पद्धति

देख्दा सबैको चुर्लुम्म डुब्यो व्यामोह-सागरमा मति ॥

(३९)

वैदिक ऋचाको, श्रीरामधुनको, गीताऽध्ययनको साथमा
जनराशि रुझदा रुझदै कठै ! ! त्यो शोकाऽश्रुधारा-पातमा ।
लोकाऽग्नि हो वा प्रलयाऽग्नि हो वा विरहाऽग्नि हो वा धप्प भो
दैवी कला त्यो चित् भो चितामा, स्मृतियन्त्र सबको ठप्प भो ॥

(४०)

बल्दो चिताको ज्वाला बिलायो नभमा, धुवाँ जति वायुमा
निःसारताको ऐना खडा भो फुस्रो खरानी सामुमा ।
'गान्धी महात्मा' यो पाँच अक्षर संसारको मुटुमा पस्यो
तल लेखियेको सिद्धान्त बोल्दै स्मृति-पट्टिका-बिच त्यो बस्यो ॥

**इति**

**पूर्व स्मृति**

# उत्तर स्मृति

(१)

हे मान्य ! मानव ! बल्दो चिताको ज्वाला, धुवाँ र विभूति त्यो
ज्यादा नकेला, धमिलो छ वेला, मौका अत्याहटको बित्यो ।
अपशोच फाली तन मन सह्माली कर्तव्य-पालन गर अब
चिरलब्ध तेरो स्वधीनताको फेरी नउम्कोस् गौरव ॥

(२)

हे मान्य ! मानव ! घुम्थें म तेरो सेवा गरूँ भनि चाहमा
पल्ट्यो अचानक तर देह मेरो भवितव्यता-वश राहमा ।
स्वामी तँ मेरो, सेवक म तेरो, भुलचुक भये सब माफ गर्
मनमा तितिक्षा-साबुन लगाई मैलोपना जति साफ गर् ॥

(३)

हे मान्य ! मानव ! दैवी खटनले आई धरामा जो जति
मैले बतायें तेरा अगाडी सच्चा अहिंसा-पद्धति ।
यो नै नजान्दा त्यसको महत्ता बरबाद भो खेलै सब
चिच्याउँदै त्यो तातो चितामा रोयेर के लिन्छस् अब ?

(४)

हे मान्य ! मानव ! जुन रोग लागी दिनरात रुन्थिस् धरधरी
त्यै रोगलाई निर्मूल गरने इच्छा ठुलो मनमा धरी ।
जो सत्य वाणी बोल्थैँ उसैमा दुर्भाव वा कटुता धरिस्
उल्टो बढायिस् त्यै रोग-बाधा, भारी ठुलो भुलमा परिस्॥

(५)

हे मान्य ! मानव ! तैंले शुरूमा त्यो रोग जानेको भये
तीता र टर्रा ती औषधीमा विश्वास मानेको भये ।
यो सन्निपात-ज्वाला मगजमा तेरो कठै ! ! किन चढ्दथ्यो ?
संहारकारी यस्तो भयङ्कर दुर्भावना किन बढ्दथ्यो ॥

(६)

हे मान्य ! मानव ! विन्ती म गर्छु मनमा मधुर जोती जगा
दुर्दोष-दूषित धमिलो नयनमा सुविचारको चस्मा लगा ।
कुरु-पाण्डु-कुलको, यदुवंशको वा जयचन्द-पृथ्वीराजको
इतिहास पल्टा, केले बनायो यस्तो परिस्थिति आजको ॥

(७)

व्यासादि-वर्णित रोमाञ्चकारी इतिहासको उस भागमा
कारण बनेको कुन दोष होला ? तातो रगतको दागमा ।
हे मान्य ! मानव ! त्यै दोष खोजी रविनन्दिनीजलमा बगा
अन्योऽन्य सच्चा भ्रातृत्वसुखको संसारमा खाँडो जगा ॥

(८)

जानेन जसले इतिहास पढदा सिंहाऽवलोकन-चातुरी

अस्तित्वमा नै खतरा छ त्यस्को, बिग्रन्छ जीवन-माधुरी।
हेमान्य! मानव! यो तत्त्व सम्झी, सङ्कीर्णताकन छोडिदे
अन्योऽन्यलाई अपकार गर्ने निःसार बन्धन तोडिदे ॥

(९)

घुम्दो छ कालात्मक चक्र उस्मा बदलिन्छ यो दुनियाँ सब
बदलिन्छ यस्को व्यवहार, साथै बदलिन्छ भौतिक गौरव।
हे मान्य! मानव! बदलिन्न केही भन्ने ढिपी जुन गर्दछ
आपत्तिको खाडलमा हठी त्यो आफैं सरासर गिर्दछ ॥

(१०)

हे मान्य! मानव! तैंले नजान्दा परिवर्तन-क्रम-माधुरी
संसारभरमा उर्लेर आयो सङ्घर्षको आँधी हुरी।
यौटा म ता के? लाखौं मजस्ता अन्याऽन्य मानिसको पनि
हर्दैछ, यद्वा हर्नेछ जसले रसिलो मनोहर जीवनी ॥

(११)

श्रीकृष्ण, गौतम, ईशा, मुहम्मद इत्यादिका उपदेशको
सारांऽश समता फाली, निकाली ज्वाला कडा विद्वेषको।
हे मान्य! मानव! तैंले बढायिस् संहारकारी कायदा
तातो चिताको फुस्रो खरानी खोस्रेर के अब फायदा?

(१२)

छोडेर सेवा सेवा घटघट-निवासी प्रत्यक्ष आत्मारामको
सङ्कीर्णताको वा क्षुद्रताको कन्था तुनी बेकामको।
पर्दा लगायिस् त्यस्तो धमीलो त्यो दिव्य सत्य-द्वारमा

हे मान्य ! मानव ! कसरी तँ देख्छस् आलोक यो संसारमा ?

(१३)

दाऱ्ही-टुपीको, बोली वचनको, मस्जीद, मन्दिर, चर्चको
वैषम्यलाई प्राधान्य मानी झगडा झिकेर अकार्थको ।
कत्तल गराई लाखौँ अबुझको धार्मिक म हूँ किन भन्दछस् ?
हे मान्य ! मानव ! के धर्मलाई साधारणै चिज गन्दछस् ?

(१४)

सारा जगत्मा समभावमा छन् दुर्बोध धर्म र ईश्वर
कल्याण गर्छन् सबको समानै वैषम्य तिनमा के छ र ?
हे मान्य ! मानव ! राढो नमच्चा अति शुद्ध तिनका नाममा
सन्तुष्ट छन् ती नरजाति सबको कल्याणकारी काममा ॥

(१५)

त्यो हिन्दुमन्दिर, त्यो बुद्धमन्दिर, त्यो क्रिश्चियन गिर्जाघर
इस्लामको त्यो मस्जीद सबमा आराध्य एकै ईश्वर ।
श्रीराम, शङ्कर भन्, बुद्ध भन् वा ईशा तँ भन् यद्वा खुदा
जो भन्दछस् भन् एकै छ जोति, बन्दैन त्यो कहिल्यै जुदा ॥

(१६)

जस्तो किसिमले जो गर्छ उसको आराधना त्यो गर्न दे
व्यवहार जर्जर दिलमा उज्यालो क्यै शान्तिको छवि भर्न दे ।
हेरेर एकै जगदीशको त्यो आराधना नाना थरी
हे मान्य ! मानव ! मनमन खुशी हो, नभझैं खुला छाती गरी ॥

(१७)

चिरकालगतिले धेरै थरी ती धार्मिकपनाका धारमा
बग्दै गयेकी मिलने नियतले उस पूर्ण पारावारमा।
जीवनमयी ती मन्दाकिनीको स्वारस्य-जल सब एक हो
पार्थक्य उसमा हे मान्य! मानव! तेरै ठुलो अविवेक हो ॥

(१८)

जस्तो छ मेरो आशा भरोसा यो धर्ममा यो ज्यानमा
त्यस्तै छ त्यसको आशा भरोसा त्यो धर्ममा त्यो ज्यानमा।
भन्ने विचारी हे मान्य! मानव! व्यवहार गर् शीतल बनी
वर्षन्छ त्यसले सुख शान्ति मनमा, सुन बन्छ फिर पित्तल पनि ॥

(१९)

त्यसले तँमाथी जो काम गर्दा तेरो सदा मन दुख्दछ
त्यसमाथि तैंले त्यै काम गर्दा त्यसको पनी मन दुख्दछ।
भनी धर्मको जड सम्झी सधैँको वैरत्व-बन्धन खुल्दछ
हे मान्य! मानव! अमरत्व आई तेरै अघिल्तिर झुल्दछ ॥

(२०)

हुन ता जगत्को प्रारम्भमा नै तेरो अपूरा सृष्टि छ
तर पूर्णतामा पनि पुग्न शक्ने तैंमा छिपेको दृष्टि छ।
यो तत्त्व जानी हे मान्य! मानव! आँखा खुला गर बोधको
किन फँस्दछस् त्यो कालो धुवाँमा प्रतिशोधको वा क्रोधको ॥

(२१)

हे मान्य! मानव! पल्टाउँदो छस् धार्मिक हजारौं पुस्तक

तर हाय ! उस्तै रुक्खा अँध्यारो देख्छू म तेरो मस्तक ।
त्यो शास्त्रसागर मन्थन गरेको आखीरमा भो के फल ?
स्वार्थीपनाले उल्टो निकालिस् विद्वेषको हालाहल ॥

(२२)

त्यो साम्प्रदायिक, त्यो राजनैतिक, त्यो उग्र आर्थिक दोषले
दूषित गरेको तेरो मगजमा अड्डा जमायो जोशले ।
त्यसले तँलाई निष्पट्ट अन्धो पागल बनायो वास्तव
हे मान्य ! मानव ! स्वर्गीय पथमा देख्छस् तँ उल्टा रौरव ॥

(२३)

ईर्ष्या परस्पर, निन्दा परस्पर, शङ्का परस्पर घोर छ
हत्या घृणाको धक्का परस्पर, अन्धोपना चहुँओर छ ।
हे मान्य ! मानव ! मानवपनाको यस्तो भयानक दुर्गीत
पारी रगतको खोला बगाई जीवित रहन्छस् अब कति ?

(२४)

'काटो र मारो' भन्ने नराम्रा सपना कठै ! ! नानाथरी
देखी शताऽऽब्दी धेरै बितायस् अज्ञान-निद्रामा परी ।
हे मान्य ! मानव । मेरा उपरको त्यो तीन फायर वास्तव
सम्झी तँ तेरै व्युत्थानखातिर दैवी इशारा हो सब ॥

(२५)

हे मान्य ! मानव ! बाँकी छ फोस्रो मानवपना अनुहारमा
दानव-पनाले अड्डा जमायो साना ठुला व्यवहारमा ।
आफैं तँ सम्झी के के भयेथ्यो परमाणु-बमका चोटमा ?

के के पछाडी होला धमीलो जितबाजिको उस ओटमा ?

(२६)

विध्वंसकारी जडवादमाथी सुखलाभको भ्रममा परी
हर्दं परस्पर नारी निमोठी त्यस्तो खिँचातानी गरी।
चैतन्य चोलालाई अँध्यारो आपत्तिको आवर्तमा
हालेर चक्कर खाँदै धसिन्छस् किन मान्य ! मानव ! व्यर्थमा ॥

(२७)

त्यो एकदेशी स्वार्थीपनाको, त्यो उर्लंदो जडवादको
त्यो वैरगर्भित दुर्भावनाको, त्यो तामसी प्रतिवादको।
आराधनाले गर्दा जगत्को अस्तित्वमा नै कष्ट भो
दिल भन्छ मेरो 'सब सृष्टिशोभा अब नष्ट भो, अब नष्ट भो' ॥

(२८)

निर्धा र दुब्ला, भोका र नाङ्गा लाखौं करोडौं बान्धव
तेसै सडेको देख्दा डढेको छाती थियो मेरो सब।
उसमाथि गोली लाग्यो, भलै भो, मानव ! तँमा तर प्यारको-
ज्योती उदाओस्, दर्शन दिलाओस् स्वर्गीय शान्तिद्वारको ॥

(२९)

कैवल्य 'सातौं आस्मान' भन्ने सद्वस्तु वास्तव प्यार हो
व्यवहारको वा यो जिन्दगीको सुखशान्तिको जड प्यार हो।
हे मान्य ! मानव ! अमरापुरीको ढोका उज्यालो प्यार हो
त्यो प्यारलाई वास्ता नगर्नू दुर्भाग्यको नै मार हो ॥

(३०)

जबसम्म तेरो सङ्कीर्ण दुर्गम सांसारिक व्यवहारको
पथमा उज्यालो बल्दैन बत्ती हे मान्य ! मानव ! प्यारको ।
तबसम्म ठक्कर खाँदै हजारौं प्रत्येक पदमा लड्दछस्
गन्तव्य ठाऊँ पत्तै नपाई अन्योलमा नै सड्दछस् ॥

(३१)

कालो, कुचीलो, मैलो, नजान्ने अन्धो भये पनि बन्धुको
नाता छ एकै सबमा सबैको मानव-रगतका बिन्दुको ।
यो तत्त्व सम्झी मनले वचनले आराधना गर् प्यारको
हे मान्य ! मानव ! कहिल्यै नबिर्सी सत्कर्म दलितोद्धारको ॥

(३२)

लाखौं करोडौं निर्धा दलितको संख्या र दुर्गति देखदा
तूफान उठ्थ्यो मेरा मगजमा चक्कर लगाई सर्वदा ।
व्याकुल म हुन्थें, रुन्थें, तिनैको उद्धार यद्वा मुक्तिमा
तल्लीन हुन्थें, साथै रहन्थें, बस्थें तिनैको पङ्क्तिमा ॥

(३३)

त्यो नीचता हो वा ऊँचता हो जान्दैनथें, तर कानमा
आवाज सुन्थें कर्तव्य त्यै हो भन्ने म स्पष्टै ध्यानमा ।
त्यसले मलाई त्यो काम गर्दा आनन्द ज्यादा लाग्दथ्यो
सङ्कोच, लज्जा, निन्दा, घृणाको अस्तित्व सारा भाग्दथ्यो ॥

(३४)

मनमन म भन्थेँ – सब पाप हर्ने भागीरथी बग्छिन् जहाँ

श्रीराम पतितोद्धारकारी आराध्य छन् घरघर जहाँ।
पूरा छ-कोटी संख्या पतितको त्यै देशमा कसरी भयो?
ऋषिवर्ग-वर्णित शुद्धि-व्यवस्था कुन हेतुले दबिँदै गयो?

(३५)

त्यो दीन त्यस्तो जनराशिले ती गङ्गा कठै!! जानेन कि?
अथवा पतितको उद्धार गर्ने श्रीराम नै मानेन कि?
यद्वा दुवै त्यो शुभ साधनामा अर्के रुकावट क्यै थियो?
आकल्प जसले उसलाइ कालो अस्पृश्यता टीका दियो॥

(३६)

पुस्ता हजारौं बितदा पनी त्यो पातित्यकारी पातक
श्रीराम-धुनले छुटदैन भन्ने स्वर्थीपना हो घातक।
शबरी अजामिल गणिका सबैको हरिनामले निस्तार भो
हे मान्य! मानव! सब हामिलाई त्यै नाम के निःसार भो?

(३७)

जसको शरीर-स्पर्श अथवा प्रतिवाक्य फिर छाया पनि
अपवित्र सम्झी तर्केर हिँडछौं हामी बडा चोखा बनी।
हे मान्य! मानव! त्यसका मुटूको त्यो शुद्ध साक्षी चेतन
के भन्छ हाम्रो व्यवहार देख्दा? शक्छस् तँ के त्यो सम्झन?

(३८)

आकल्प कालो अस्पृश्यता त्यो मानीसमा मानीसको
हे मान्य! मानव! मैले त सम्झें अपहेलना जगदीशको।
जो भन्दछस् भन्, जो गर्दछस् गर, तपको भयो पूर्णाऽऽहुति

ठण्डा मगजले आफैं तँ सम्झी कर्तव्यको शुभ पद्धति ॥

(३९)

यो खालि मेरो मत हो, तँ यसमा तेसै जबर्जस्ती नजा
मनको कसीमा घोटेर तौली खोटो खरो के हो बजा।
छीः छीः र दूर् दूर् हो पुण्य यद्वा बन्धुत्व-वैभव पुण्य हो ?
हे मान्य ! मानव ! आफैं तँ छुट्ट्या कुन पूर्ण हो ? कुन शून्य हो ?

(४०)

मैला धमीला खोला हजारौं जो आइपर्छन् ती सबै
सम्झेर साथै राखी उदरमा आफू अहो ! ! धमिलो नभै।
उर्लीरहेको त्यो पूर्ण सागर कुन दिन्छ शिक्षा वास्तव ?
हे मान्य ! मानव ! सम्झेर ले त्यो कसमा छ तेरो गौरव ?

(४१)

हे मान्य ! मानव ! नीलो गगनमा साना ठुला सब तारका
खेल्छन् परस्पर ठक्कर नखाई द्यौतासरी उस पारका।
कस्तो अगम त्यो माधुर्य तिनको, कस्तो अखण्डित प्यारमा
आकल्प मानू, पौडीरहेछन् सुखशान्तिको मझधारमा ॥

(४२)

बग्दो छ हावा हरहर सबैमा माधुर्य छर्दै प्यारको
प्रत्यक्ष माता पृथ्वी खडा छन् ऐना तितिक्षा-द्वारको।
आकाशचाहीं 'छाती खुला गर् समभावमा जा' – भन्दछ
रवि चन्द्र भन्छन् – आलोक बेगर जीवन विकम्बा बन्दछ ॥

(४३)

गिरिबाट झर्छन् भर्ना निरन्तर आलाप लिन्छन् प्रेमको
रुख वृक्ष फुल्छन् फल्छन् र दिन्छन् सर्वत्र शिक्षा प्रेमको।
उडने चरा ती लाखौं किसिमले जयगान गर्छन् प्रेमको
प्रेमै छ यौटा ढोका उज्यालो सम्पूर्ण विश्वक्षेमको ॥

(४४)

उस प्रेमको जो संसारभरमा व्यापकपनाकन जान्दछ
त्यो विश्वसेवा विश्वेशको नै सेवा भनीकन ठान्दछ।
हे मान्य! मानव! मानवपनाको यै हो मुटू नै वास्तव
यो भिन्न सारा पशुभाव यद्वा दानव-तमासा हो सब ॥

(४५)

यो विश्व विभुको प्यारो बगैंचा फुलतुल्य छौं हामी सब
हुनुपर्छ हाम्रो यस जीवनीमा शुभ वासनाको गौरव।
राम्रो भये तापनि बाह्य शोभा दुर्गन्ध-दूषित पुष्पको
अस्तित्वलाई माली विधाता मान्दैन त्यो कहिल्यै निको ॥

(४६)

कुन जुक्तिले यो छाती चिराई भित्री मुटूको भावना
संसारलाई देखाउँ भन्थें, गर्थे हजारौं साधना।
खुश भो विधाता, मेरो तपस्या पूरा गऱ्यो उसले सब
हे मान्य! मानव! त्यै गोलीले नै कृतकृत्य म भयें वास्तव ॥

(४७)

मेरा मुटूको तातो रगतका प्रत्येक कणमा जो थियो

शुभ कामना वा आराधना त्यो तेरै अगाडी पोखियो ।
गर्छु म अन्तिम अभिवादना यो – हे मान्य ! मानव ! दे बिदा
चाहे तँ ब्यूँझी, चाहे आँध्यारो त्यै स्वप्नको सुखमा निदा ॥

**इति**

**उत्तर स्मृति**

**शुभम्**